हाम्रो मनलाई लोभाउँथ्यो उनका लागि हाम्रो मनमा वात्सल्य बर्षन्थ्यो । हामी अगाडि बढ्दै गयौं र अन्ततः हेटौडा बजारमा प्रवेश गऱ्यौं । त्यही पुरानो ठाउँ ओमप्रकाश अग्रवालको घरमा हामी रोकियौं, यहाँ दुई दिगम्बर जैन र एक स्थानकवासी जैन प्रकाश कोठारी रहनुहुन्थ्यो । जसले हामीलाई दिनभरी सेवा गर्नुभयो । दिउँसो प्रवचन कार्यक्रम सम्पन्न भयो ।

रात्रीको आराम गरिसकेपछि हामी पुनः बिहानको यात्राका लागि निस्क्यौं । केही मानिसहरु शहरको सीमा सम्म हामीलाई बिदा गर्न आए । हामी अमलेखगञ्ज तर्फ बढ्यौं । जंगल, नदी, पहाड, सबैलाई पार गर्दै हामीले करीब २० किलोमिटरको यात्रा पार गऱ्यौं । नेपालमा जंगल नदी, पहाडको हाम्रो यो यात्रा आखिरी थियो । अमलेख गञ्जमा चौधरी गेष्ट हाउसमा राती हामीले विश्राम लियौं । यो एउटा आरामदायी स्थल थियो । अब हामीलाई गर्मीको महशुस हुन लाग्यो किनभने यो काफी होचो ठाउँमा थियो । नेपालको तराईमार्ग यहाँबाट शुरु हुन्छ । अब हामी पहाडको दर्शन पछाडि फर्कदै गर्न सक्दथ्यौं ।

अर्को दिन करीब ९ किलोमिटर यात्रा पुरा गरेर पथलैया गाउँमा पुग्यौं त्यहाँ स्वास्थ्य निगमको अतिथि गृहमा हामीले एक दिन बितायौं । अतिथि गृहका व्यवस्थापकले हाम्रो निकै सेवा गर्नुभयो । हुलास स्टीलका मेनेजर पनि २ दिनसम्म हाम्रो सेवामा लाग्नुभयो । स्वास्थ्य निगमको अतिथि गृह निकै ठूलो र सुविधाजनक थियो । तर पथलैया एक सानो गाउँ र गरीब गाउँ लाग्दथ्यो । नेपालमा यस्तो गाउँलाई सुकुम्बासी गाउँ भनिदो रहेछ । सुकुम्बासी सँग पैतृक अथवा पूर्व आर्जित सम्पत्ति हुँदैन । उनीहरु सरकारी जमीन हडपेर आफ्नो वासस्थान बनाउँछन् र कुनै न कुनै प्रकारले जीवन गुजारा गर्दछन् । यस गाउँका निवासीहरुको जीवन जंगलमा आधारित थियो । उनीहरु जंगलबाट दाउरा काटेर आफ्नो जीविका चलाउँछन् । अतिथिगृहका व्यवस्थापकले हामी सँग जैन धर्मका बारे निकै जानकारी हासिल गर्ने कोशिस गर्नुभयो । उहाँले

बताउनुभयो जब २ महिना अगाडि हामी यही बाटो हुँदै काठमाडौं गएका थियौं त्यसबेला हामीलाई देखेका रहेछन् । उहाँले हाम्रोबारेमा अनेकौं प्रकारका अनुमान लगाउनुभएको रहेछ । उहाँको एउटा यस्तो अनुमान पनि रहेछ । नेपालको माओवादी संगठनका नेता बाबुराम भट्टराई त होइनन् ? उहाँले सोच्नु पनि भएको थिएन, २ महिना पछि हामीसँग सानिध्यमा कुरा गर्ने अवसर पाउनु होला भनेर । उहाँको कुरा सुनेर हामीले सोच्यौं, उहाँ जस्तै कति मानिसले हाम्रो बारेमा विभिन्न प्रकारका अनुमान गर्दा हुन् । तर एउटा कुरा निश्चित रुपमा प्रष्ट भयो कि कुनै नचिनेको अपरिचित व्यक्तिलाई माओवादी सम्झनु सामान्य कुरा भै सकेको रहेछ । त्यस पछि हामीले त्यहाँबाट अगाडि बढ्न नयाँ बाटो रोज्यौं । जुनबाटोबाट हामी अगाडि जान्छौ त्यो हाम्रो लागि पूर्णरुपमा नयाँ बाटो हुनेछ । तर हामीले त्यो चारकोशे झाडी जंगललाई पार गर्नुथियो । काँडाले भरिएको बाटो माथिबाट प्रचण्ड गर्मी त्यो सिधै अनुहारमाथि पर्थ्यो, अगाडि बढ्न निकै कठिन भैरहेको थियो । जंगलका पंक्षीहरुको चिड्चिडाहट, जनावरहरुको आवाज र वन कुखुराहरुको आवाज बाहेक केही सुनिन्नथ्यो । कतै कतै मृगहरु देखिन्थे । उतारचढावको बाटो हुँदै, हामी निजगढ पुग्यौं । त्यहाँ विनोद चाननको दालमीलमा विश्राम हेतु रोकियौं । निजगढ एउटा राम्रो बस्ती लाग्यो मानिसहरु सुखी सम्पन्न देखिन्थे । उनीहरुको मुख्य पेशा खेती थियो ।

अर्को दिन निजगढको बाटो हुँदै अगाडि बढ्ना साथ, त्यही जंगली बातावरण भेटियो । करीब २० किलोमिटर हिडेपछि चन्द्रनिगाहापुर गाउँ आयो । त्यहाँको वन कार्यालयमा हामीले आराम गर्‍यौं । यो गाउँ पनि निकै ठूलो थियो र यहाँका निवासीहरुको मुख्य पेशा पनि खेती नै रहेछ । बाटोका दुवैतर्फ घरहरु देखिन्थे । जब हामीले त्यहाँबाट यात्रा शुभारम्भ गर्‍यौं, यो निश्चित थिएन कि अब कहाँ रोकिन्छौं ? लगभग १० किलोमिटर यात्रा गरिसकेपछि जंगल समाप्त भयो । जंगलबाट बाहिर निस्केपछि गर्मी ज्यादै

बढेको महशुस भयो। निकै बेर हिडिसकेपछि बाग्मती नदी भेटियो। नदी फराकिलो देखिए पनि गर्मीको मौसममा संकुचित हुँदै सानो देखिन्थ्यो। जब यो नदीले वर्षा ऋतुमा आफ्नो पूर्ण क्षमता देखाउँछ तब भारतको विहार प्रदेशका गाउँहरुलाई आतंक मच्चाउन पुग्छ। यसको उर्लदों बाढी भयानक आतंक मच्चाउने कारण हो। जब बाग्मतीलाई पिछा छोड्दै हामी अगाडि बढदै थकाई मारिरहेका थियौं। करीब २६ किलोमिटरको दूरी पार गरेपछि इन्दु शंकर चिनी मिल देखियो। जुन नेपालको मानव मिलनका संस्थाका अध्यक्षको सम्पत्ति थियो। उहाँको साथ पूर्व परिचय भएका कारण हामी विश्रामको लागि त्यहाँ रोकियौं अन्यथा त्यहाँबाट ८ किलोमिटर पर रहेको हुलास राईस मिलसम्म जानु पर्थ्यो। इन्दु शंकर मिल समथर भूमिमा रहेका कारण हामीलाई कुनै कठिनाई भएन र थकाई मेटियौं।

### अन्धकार र प्रकाशको खेल

अर्को दिन हामी फेरि यात्राको लागि निस्क्यौं। करीब ८ किलोमिटर यात्रा पुरागरेर लालबन्दी पुग्नेवाला थियौं। त्यसबेला त्यहाँ पुग्नु भन्दा पहिले ठूलो संख्यामा मानिसहरुले हामी आएको देखे। उनीहरुको हाउ भाउबाट हामीले अनुमान लगायौं। उनीहरु हाम्रो स्वागत सत्कारका लागि आइरहेका रहेछन्। उनीहरुको व्यवहार त्यस्तै थियो जस्तो मारवाडका मानिसहरु गर्दछन्। जब उनीहरु निकट आए। तब थाहा भयो, उनीहरु गोल्छा राइसमिलका कर्मचारी रहेछन् र उनीहरुले हाम्रो लागि आवश्यक व्यवस्था गरेका रहेछन्। त्यहाँका सम्पूर्ण कर्मचारीहरु हाम्रो सेवामा लागे। किनभने जैन साधुहरुको आचार व्यवहारबाट उनीहरु परिचित थिए। उनीहरुमध्ये कोही त स्थानकवासी जैन पनि रहेछन्। त्यसपछि हामी बन विभागले बनाएको भवन गयौं जुन ठाउँ जंगलै जंगलले भरिएको थियो। त्यो भवन केवल काठले मात्र बनाइएको थियो र भवन जमीनबाट १० फिट उचा थियो। त्यहाँ दिन र रातिमा विश्रामका लागि व्यवस्था गरिएको थियो। लालबन्दी बर्दीबास, जनकपुर र

विराटनगरबाट जैनहरु आउन थाले । सूर्यास्तभन्दा पहिले दर्शनार्थीहरु आ( आफ्नो गाउँमा फर्कन शुरु गरे ।

चारैतर्फ जंगलले घेरिएको उक्त काष्ठभवनमा हामी र चौकीदार मात्र थियौं । छिमेकमा दुईघर थिए । जसरी अन्धकारले आफ्नो अधिपत्य जमाउन शुरु गऱ्यो त्यसबेला जंगलको बातावरणमा पनि परिवर्तन देखा पऱ्यो । बत्तीबालेर केही समयसम्म आगनमा टहलियौं । रात्रीको सन्नाटा गहिरिदै गइरहेको थियो । अग्ला अग्ला वृक्ष घनघोर अध्यारामा आफ्नो अस्तित्व हराई रहेका थिए । कहिले काही जब सडकबाट केही सवारी साधनहरु आउँथे । त्यसको प्रकाशले छेउछाउका वृक्ष लता वनस्पति प्रकाशित थियो । वृक्षलाई फाँडेर देखिएको प्रकाशले विचित्र दृश्य पैदा गर्थ्यो । कहिले सीधा कहिले छरेर आउने प्रकाश रातसँग जुध्दै अगाडि बढ्थ्यो । बाटामा हिडेका गाडीको आवाजले रातको सन्नाटालाई तोड्थ्यो । त्यसपछि फेरि त्यही अँध्यारो र सन्नाटा छाउँथ्यो । प्रकाश र अन्धकारको यस्तो खेल मनुष्य जीवनमा पनि हुन्छ । वाहिरको अन्धकारले मानिसलाई घेर्दछ तर भित्रको प्रकाशको किरणले उसलाई भगाउने प्रयास गर्दथ्यो । हामीभित्र प्रकाश जति चम्किलो हुन्छ अन्धकार त्यतिकै हराउँदै जान्छ । र अन्ततः त्यो अन्तिम क्षण आउँछ र सधैको लागि भाग्दछ ।

जरुरत छ हामी आफ्नो हृदयको प्रकाश जलाऔं र त्यसको लागि सतत् प्रयत्नशिल रहौं । प्रकाश कहिल्यै नबुझोस् हामी आत्मादीप बनेर अन्धकारमय जीवनबाट पार पाउन सकौं । हामीले यस कुराका लागि ध्यान राखौं कुन दिशाबाट कुन श्रोतबाट प्रकाश हामी सँग आइपुग्दछ । यदी प्रकाशमा हाम्रो स्निग्धता, पवित्रता र आफ्नो उद्धारको महशुस गर्न सकियोस् । त्यो काठ भवनको यदा कदा देखिने अन्धकार र प्रकाशको क्षणिक खेलले हाम्रो चिन्तन प्रक्रियामा प्रभाव पाऱ्यो । केही समयपछि रात्री विश्रामका लागि भित्र गयौं ।

करीब २ बजे राती हाम्रो निद्रा भङ्ग भयो । बाहिर घनघोर सन्नाटा छाएको थियो । लाग्यो सन्नाटा पनि आफैमा एक दुर्दमनीय शक्ति हो । जो

आफ्नो अस्तित्वको बोध हामीलाई गराइहेको थियो । बायु गतिहिन भइरहेको थियो किन भने रुखका पातहरु पनि हल्का फुल्का चलिरहेको थिएन । मानौ रुखहरु पनि सुतिरहेको छन् । फलफूलहरु शान्त भैरहेका छन् । प्रकृतिको यो रुप हाम्रो ध्यान त्यस अज्ञानी भुलेर भड्केका दु:खी पीडित मानिसहरुतर्फ गयो । जसको परिशान्त जीवनमा मङ्गलकार्य हलचल मच्चिरहेको छ । जब उसले कुनै सत्पुरुषको सानिध्य प्राप्त गर्छ । बिहान सात बजे छिमेककीको घरमा कुखुरा बासेर सन्नाटालाई भङ्ग गरे ।

हाम्रो आनन्द मग्नता र ध्यान साधनामा पनि अचानक व्यवधान आयो तर कुखुराले बिहान भएको घोषणा गरेको थिए । अचानक हामीलाई लाग्यो रुखहरु पनि हलचल गर्न शुरु गरेको छ । पातहरु हल्लन थाले । मन्द गतिको हावाले पातहरु हल्लिन थाले । बिहानको चिसो हावाले हामीलाई राहत पुऱ्यायो ।

चरैवेति .............चरैवेतिको उद्‌घोषणको अनुपालन गर्दै हामी फेरि आफ्नो यात्रा तर्फ लाग्यौ । जंगललाई पार गर्न केही समय लाग्यो । करीब साँढे ८ बजे बर्दिबास गाउँमा हाम्रो प्रवेश भयो । यस गाउँमा दुई मात्र जैनहरुका घर रहेछन् । संचेती र चोरडिया तेरापन्थी र स्थानकबासी दुई मारवाडी जैनका घर छन् । खान पिउनमा सुखी परिवार छ । दुई परिवारका बच्चादेखि बूढासम्म हामीप्रति आस्था र श्रद्धा राख्दथे । हामीलाई उनको भक्तिभावले गद्‌गद् तुल्याइरहेको थियो । बर्दिवास गाउँ त सानै हो तर उसको भावी विकासको अनुमान यसरी लगाउन सकिन्थ्यो उसको बाटो हुँदै काठमाडौं निस्कन्छ यो बाटो भारत र काठमाडौं बीचको बाटोलाई सानो गर्दछ । यहाँ दिउँसो तीन बजे प्रवचन कार्यक्रम राखिएको थियो । प्रवचन  सुन्नका लागि मानिसहरु ठूलो संख्यामा आए जहाँ नेपालीमुलका मानिसहरु सबैभन्दा बढी थिए । नेपाली भाषी श्रोताहरुलाई ध्यानमा राखेर नेपाली भाषामा प्रवचन गऱ्यौं । करीब १ घण्टा सम्म सत्संगको सुन्दर वातावरण बन्यो । हामीले उहाँहरुलाई हिंसा र बलिप्रथाको अनर्थकारी प्रभावबाट परिचय गरायौं । सत्य अहिंसाको जीवनका बारेमा प्रकाश पाऱ्यौं ।